आज मिति २०७५।०५।११ गतेका दिन शिवालय गाउँपालिका गाउँ कार्यालय, सिमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडा अध्यक्ष वडा नं १ |
| श्री प्रेम बहादुर बस्नेत | वडा अध्यक्ष वडा नं २ |
| श्री प्रेमदेव शर्मा | वडा अध्यक्ष वडा नं ३ |
| श्री तेज बहादुर बुढा | वडा अध्यक्ष वडा नं ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडा अध्यक्ष वडा नं ५ |
| श्री भक्त बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं ६ |
| श्री विरवल खत्री | वडा अध्यक्ष वडा नं ७ |
| श्री जसविर वली | वडा अध्यक्ष वडा नं ८ |
| श्री दिपक बहादुर खड्का | वडा अध्यक्ष वडा नं ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सृजना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री नुमानन्द दमासे | सदस्य सचिव |

आमन्त्रित

श्री धनीराम शर्मा शिवालय-५

प्रस्तावहरु:

१) ICT भवनको तला थप सम्बन्धमा ।

२) शिवालय खानेपानी योजना सम्बन्धमा ।

३) झोलुङ्गे पुल माग सम्बन्धमा ।

४) कल्याणा झो.पु. मर्मत सम्बन्धमा ।

५) स्वागत तथा विदाई सम्बन्धमा ।

६) विविध ।

निर्णय नं. १ प्रस्ताव नं. १ को विषयमा छलफल गर्दा शिवालय गाउँपालिकाको हालसम्म आफ्नो कार्यालय भवन नभएकोले कार्यालय संचालनमा असहजता उत्पन्न भएकोले गाउँपालिकाको वडा नं. ३ को ऐरेलीमा निर्माणाधीन ICT भवनलाई बहुवर्षिय योजनाको रुपमा लिई प्राविधिक लागत अनुमानको आधारमा गाउँ कार्यपालिकाबाट बजेट विनियोजन गरी उक्त भवनको एक तला थप गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ को विषयमा छलफल गर्दा शिवालय गाउँपालिकाको केन्द्रमा गत आ.व.मा सम्पन्न भएको शिवालय खानेपानी योजनाले आसपासका केही वस्तीहरुलाई समेट्न नसकेकोले उक्त वस्तीहरुमा थप धाराहरु निर्माण गर्नुपर्ने आवश्यकता देखिएकोले उक्त योजनाको प्राविधिक लागत अनुमानका आधारमा लाईन विस्तार गरी थप धारा निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ को विषयमा छलफल गर्दा शिवालय गाउँपालिकाको तपसिलमा उल्लेखित स्थानहरुमा वर्षातको समयमा आवतजावत गर्न निकै कठिन हुने भएकोले तपसिलमा उल्लेखित स्थानहरुमा झोलुङ्गे पुल निर्माणको लागि प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय पारित गरियो ।

तपसिल

१. शिवालयको वडा नं. ३ र वडा नं. ७ जोडने सान्तडा ढिकाले झो.पु. निर्माण
२. शिवालयको वडा नं.८ र वडा नं. १ जोडने घोघाबोया झरझरे झो.पु. निर्माण
३. शिवालयको वडा नं.४ र वडा नं. ५ जोडने लयखोला झो.पु. निर्माण
४. शिवालयको वडा नं.९ र छेडागाड वडा नं. १२ जोडने बालुवा छेडाखोला झो.पु. निर्माण
५. शिवालयको वडा नं. २ मा रहेको ध्याप धैरेनी ट्रस ब्रिज निर्माण ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ को विषयमा छलफल गर्दा शिवालय गाउँपालिकाको वडा नं.५ र वडा नं. ७ को विचमा रहेको कल्याणा झो.पु. वर्षातको कारणले पहिरो गई जोखिमपूर्ण अवस्थामा रहेकोले प्राविधिक लागत अनुमान तयार गरी उक्त पुल मर्मत सम्भार गरी संरक्षण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ को विषयमा छलफल गर्दा राष्ट्रिय योजना आयोग, काठमाडौंबाट काज सरुवा भई शिवालय गाउँपालिकामा आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री धनीराम शर्मालाई स्वागत तथा यस गाउँपालिकाबाट काज सरुवा भई शितगंगा न.पा. अर्घाखाँची जिल्लामा जानु हुने प्रमुख प्रशासकीय अधिकृत श्री नुमानन्द दमासेलाई विदाई गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ को विषयमा छलफल गर्दा गाउँ कार्यपालिकाको वैठक भाद्र १४ गते दिउँसो १२ बजे बस्ने निर्णय गरियो ।

आज मिति २०७५/०६/०५ गते शुक्रवारका दिन यस शिवालय गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय सीमा, जाजरकोटमा गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपशिलका प्रस्तावहरुमाथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिती

| नाम थर | पद | दस्तखत |
|---|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष, शिवालय गाउँपालिका | |
| श्री कुमारी थापा | उपाध्यक्ष, शिवालय गाउँपालिका | |
| श्री मान बहादुर पुन | वडाध्यक्ष वडा नं. १, शिवालय गाउँपालिका | |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २, शिवालय गाउँपालिका | |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३, शिवालय गाउँपालिका | |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४, शिवालय गाउँपालिका | |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५, शिवालय गाउँपालिका | |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६, शिवालय गाउँपालिका | |
| श्री बिरबल खत्री | वडाध्यक्ष वडा नं. ७, शिवालय गाउँपालिका | |
| श्री जसबिर बली<br>श्री दिपक खड्का | वडाध्यक्ष वडा नं. ८, शिवालय गाउँपालिका<br>वडाध्यक्ष वडा नं. ९, शिवालय गाउँपालिका | |
| श्री शेर बहादुर नेपाली | मनोनित सदस्य | |
| श्री कालो बादी | मनोनित सदस्य | |
| श्री सिर्जना रेग्मी | निर्वाचित सदस्य | |
| श्री बालकुमारी बस्नेत | निर्वाचित सदस्य | |
| श्री रामसरी राना | निर्वाचित सदस्य | |
| श्री बिपना बुढा | निर्वाचित सदस्य | |
| श्री धनीराम शर्मा | सचिव | |

आमन्त्रित

श्री करबिर शाही, माननीय सदस्य, कर्णाली प्रदेश सभा

प्रस्तावहरु

१. सडक मर्मत गर्ने सम्बन्धमा ।

२. फिल्डमा खटिनुपर्ने कर्मचारीको थप सुविधा सम्बन्धमा ।

३. घुम्ति स्वास्थ्य शिविर सञ्चालन गर्ने सम्बन्धमा ।

४. कार्यसम्पादन कमजोर कर्मचारीको सेवा करार रद्द गर्ने सम्बन्धमा ।

५. कृषि तथा पशुतर्फको कार्यक्रम तथा संस्था छनौट सम्बन्धमा ।

धनीराम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

६. ICT भवन सम्बन्धमा ।

७. पदाधिकारी तथा सदस्यहरुको पारिश्रामिक तथा सुविधा भुक्तानी सम्बन्धमा ।

८. बायो ग्यास सञ्चालन सम्बन्धी ।

९. विजयादशमीको शुभकामना आदानप्रदान कार्यक्रम सम्बन्धमा ।

१०. स्वास्थ्यतर्फको निशर्त अनुदान रकमको बाँडफाँड सम्बन्धमा ।

११. विविध ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा शिवालय गाउँपालिकाका विभिन्न बस्तिहरुमा जोडिएका सडकहरु बर्षायामको भारी वर्षाका कारण बिग्रेका, भत्केका सडकहरुलाई विजयादशमीपूर्व नै यातायात सञ्चालन गरी यात्रुहरुको आवगमनलाई सुविधा तथा सामानहरुको ढुवानीलाई सहज गर्न ट्र्याक खोलिएका सडकहरुको मर्मत गरी यातायात सुचारु गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा यस शिवालय गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई फिल्डमा खटाउदा कार्यसम्पादन सुचकका आधारमा दैनिक रु. २५० का दरले खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाका आधारभूत स्वास्थ्य सेवाबाट टाढा रहेका वडा नं. ६ को टुनिबगर, ९ को वडाकार्यालय र २ कोशेटाकुरामा यही असोज महिनाको २१ गते घुम्ति स्वास्थ्य शिविर सञ्चालन गर्ने निर्णय गरियो । साथै शिविर सञ्चालन गर्न अभाव हुनसक्ने औषधि गाउँपालिकाबाट तत्काल खरिद गर्ने निर्णय गरियो ।

### निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस शिवालय गाउँ कार्यापालिकाको कार्यालयमा कार्यरत सुचना प्रविधि अधिकृत जानकारी अधिकारीको मिति २०७५ असार मसान्त सम्म करार सम्झौताको म्याद रहेको र २०७५ श्रावण १ गते देखि करार सम्झौता समाप्त भएको हुँदा कार्यसम्पादनको आधारमा निजको म्याद थप नगर्ने निणर्य गरियो ।

### निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाको आ.व. ०७५।०७६ को कृषि तथा पशु विकास तर्फको वार्षिक विनियोजित कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो । साथै कृषि तथा पशु विकास कार्यक्रम तर्फ गत आ.व. देखि यस शिवालय गाउपालिकाको साझेदारिमा कार्यक्रम संचालन गर्दै आएकोमा चालु आ.व. २०७५।०७६ मा पनि हिमालय समाज विकास केन्द्र पजारु, जाजरकोटलाई छनौट गरि उक्त संस्थाको साझेदारिमा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ मा छलफल गर्दा शिवालय गाउँपालिकाको आ.व. ०७४।०७५ मा निर्माणाधिन अवस्थामा रहेको ICT भवन भुकम्पको जोखिम तथा गाउँ पालिकाको आफ्नो भवन नभएकोले उक्त भवनलाई नै तत्काल गाउँपालिकाको भवनको रुपमा प्रयोग गर्नुपर्ने अवस्था रहेकोले हालसम्म सम्पन्न भएको कार्यको प्राविधिक मुलयांकनका आधारमा भुक्तानी दिई उक्त भवनलाई पुन : प्रविधिक लागत ईष्टीमेटको आधारमा ढलानसहित पहिलो तला सम्पन्न गर्ने र दोस्रो तला उपभोक्ता समितिमार्फत वा सिलबन्दी दरभाउपत्रका आधारमा निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ मा छलफल गर्दा नेपालको संविधान २०७२ को धारा २२७ को अधिनमा रही कर्णाली प्रदेश सरकारबाट मिति २०७५/३/१९ मा पारित "कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी ऐन २०७५" को अधिनमा रही यस शिवालय गाउँपालिकाका सम्पूर्ण निर्वाचित तथा मनोनित पदाधिकारी तथा सदस्यहरुको तोकिएवमोजिमको भत्ता तथा सुविधावापतको रकम निजहरुको व्यक्तिगत बैंक खातामा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाका केही बस्तीहरुमा गोबर ग्यांस उत्पादन तथा धुवाँ रहीत चुल्हो निर्माण गर्न सेती महाकाली गोबर ग्यांस तथा कृषियन्त्र विकास कार्यालय शाखा सुर्खेत सँग सहकार्य गरी कार्यक्रम सन्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाका पदाधिकारी, राजनैतिक दलका प्रमुख, कर्मचारी, शिक्षक, पत्रकार, बुद्धिजिवि, स्थानीय कलाप्रेमीहरुवीच २०७५ सालको विजयादशमीको शुभकामना आदानप्रदान गर्न यहि असोज महिनाको २२ गते शनिबारका दिन शुभकामना आदानप्रदानको कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० मा छलफल गर्दा शिवालय गाउँपालिकालाई स्वास्थ्यतर्फको औषधी खरिदका लागि प्राप्त निशर्त अनुदान रकम रु. ८ लाखलाई शिविर सञ्चालनको लागि रु.२,९५,०००।-, स्वास्थ्य संस्थाको लागि औषधी खरिदका लागि रु. ३,०५,०००।-, र गाउँघर क्लिनिकको लागि रु. २,००,०००।- छुट्याउने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. १० मा छलफल गर्दा शिवालय गाउँपालिका वडा नं. १ स्थित दोभान कृषक समुहको वीउ गोदाम घरको छाना निर्माणवापत खर्च भएको रकम रु. ३५,७७७ (अक्षरेपी पैंतिस हजार सातसय सतहत्तर मात्र) शोधभर्ना भुक्तानी दिने निर्णय गरियो । साथै पश्चिम जाजरकोट विकास समाज, जाजरकोटको भवन निर्माणका लागि आवश्यक जग्गा सम्वन्धमा शिवालय गाउँपालिकाको केन्द्र रहेको स्थान ऐरारीमा रहेको ऐलानी जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सीमा, जाजरकोट
कर्णाली नेपाल
२०७३

मनीराम शर्मा
प्रमुख प्रशासकीय अधिकृत